# पूर्वखोला राजपत्र

**पूर्वखोला गाउँपालिकाद्वारा प्रकाशित**

**खण्डः ७, पूर्वखोला, मितिः २०८०/०५/०९, संख्याः ३**


भाग-२

## पूर्वखोला गाउँपालिका

## पूर्वखोला गाउँपालिकाको स्वयंसेवक शिक्षक र खेल प्रशिक्षक व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/०५/०८

**प्रस्तावनाः**

राष्ट्रिय विकासका लागि आवश्यक दक्ष, योग्य, सीप युक्त जनशक्ति उत्पादन गर्न तथा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकूल सर्वसाधारण जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम राख्दै विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि महिला शिक्षक वा कर्मचारी प्रसूति विदामा रहदा विद्यालयहरुमा नियमित पठनपाठन तथा विद्यालय सञ्चालनका लागि सहयोग गर्न र विद्यालयमा खेलकुदका गतिविधिहरु व्यवस्थित तरिकाले सन्चालन गर्न

वान्छनिय भएकोले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ (२) ले दिएको अधिकार प्रयोग गरी पूर्वखोला गाउँकार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

१) **सक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम "स्वयंसेवक शिक्षक र खेल प्रशिक्षक व्यवस्थापन सम्वन्धी कार्यविधि, २०८०" हुनेछ ।

(ख) यो कार्यविधि कार्यपालिकावाट स्वीकृत भए पश्चात तुरुन्त प्रारम्भ हुनेछ ।

२) **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "गाउँपालिका" भन्नाले पूर्वखोला गाउँपालिका सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले पूर्वखोला गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।

(ग) "विद्यालय" भन्नाले पूर्वखोला गाउँपालिका क्षेत्रभित्र संचालित विद्यालयहरु सम्झनु पर्छ ।

(घ) "वि व्य स " भन्नाले विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ।

(ङ) "स्वयंसेवक शिक्षक" भन्नाले यो कार्यविधि वमोजिम महिला शिक्षक बिधालय कर्मचारी प्रसूति विदामा रहदा विद्यालयहरुमा नियमित पठनपाठन तथा विद्यालय सन्चालनका लागि सहयोग गर्न नियूक्त भएको शिक्षक वा कर्मचारी सम्झनु पर्छ ।

(च) "खेल शिक्षक" भन्नाले यो कार्यविधि वमोजिम विद्यालयहरुमा व्यवस्थित तरिकाले खेलकुदका गतिविधि सन्चालन गर्न गाउँपालिकाबाट नियूक्त भएको प्रशिक्षक सम्झनु पर्छ ।

(च) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ र पूर्वखोला गाउँपालिकाको शिक्षा ऐन२०७६ (संशोधन सहित) लाई सम्झनु पर्छ।

(छ) "कार्यविधि" भन्नाले "स्वयंसेवक शिक्षक व्यवस्थापन सम्वन्धी कार्यविधि,२०८० सम्झनु पर्छ ।

३) **यो कार्यविधि लागू हुने क्षेत्रः** यो कार्यविधि पूर्वखोला गाउँपालिका क्षेत्र भित्र लागू हुनेछ ।

४) **स्वयंसेवक शिक्षक ब्यवस्थापन सम्वन्धी ब्यवस्थाः**

१) यस गाउँपालिका क्षेत्र भित्र संचालनमा रहेका सामुदायिक विद्यालयहरुमा कार्यरत महिला शिक्षक वा विद्यालय कर्मचारी प्रसूति विदामा रहेको अवधीको पठनपाठन तथा विद्यालय संचालनका लागि सहयोग गर्न सम्वन्धित विद्यालयमा एक जना स्वयंसेवक शिक्षक ब्यवस्थापन गरिने छ ।

२) उपदफा १ वमोजिमको शिक्षक वा कर्मचारी ब्यवस्थापनका लागि सम्वन्धित विद्यालयको वि ब्य स को निर्णय सहित प्रसूति विदामा वस्ने महिला शिक्षक वा कर्मचारीको विवरण प्रसुति विदामा वस्नु भन्दा कम्तिमा १५ दिन अघि गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

३) गाउँपालिकाले वि ब्य स को निर्णय सहित प्रसूति विदामा वस्ने महिला शिक्षक वा कर्मचारीको विवरण अध्ययन गरि उल्लेखित स्वयंशेवक शिक्षक छनौट तथा नियुक्तिका लागि विज्ञापन गर्न अनुमति दिनेछ ।

४) विद्यालयले अनुमति प्राप्त गरीसके पछि स्वयंशेवक शिक्षक छनौटका लागि कम्तिमा ७ दिनको विज्ञापन गर्नु पर्नेछ ।

५) स्वयंसेवक शिक्षक छनौटको विधि प्रकृया र पाठयक्रम शिक्षक वा कर्मचारी छनौट परीक्षा सरह हुनेछ।

६) शिक्षक छनौट समितिले सिफारिस गरेको उम्मेदवारलाई वि.ब्य.स. ले बढिमा ९८ दिनको लागि करार सम्झौता गरि नियुक्ति दिनेछ ।

५) **स्वयंसेवक शिक्षक तथा कर्मचारीको शैक्षिक योग्यताः**

१) स्वयंसेवक शिक्षक तथा कर्मचारीका लागि न्युनतम शैक्षिक योग्यता कक्षा १२ उतिर्ण र सहयोगीका लागि कक्षा १० उतिण हुनेछ।

६) **स्वयंसेवक शिक्षकको पारिश्रमिक तथा भूक्तानी प्रकृयाः**

१) स्वयंसेवक शिक्षक तथा कार्यालय सहायकलाइ गाउँपालिकाले प्रति महिना रु.१५००० का दरले पारिश्रमिक उपलब्ध गराउने छ भने कार्यालय सहयोगीलाई रु.१०००० पारिश्रमिक उपलब्ध गराउने छ।

२) स्वयंसेवक शिक्षकको नियुक्ति भएपछि पारिश्रमिकका लागि विद्यालयले आवश्यक कागजात सहित गा पा मा निवेदन दिनेछ।

३) गाउँपालिकाले शिक्षक नियूक्तीका आधारमा संवन्धित विद्यालयको खातामा पारीश्रमिक रकम उपलब्ध गराउने छ।

४) विद्यालयले उल्लेखित शिक्षक तथा कर्मचारीको करार अवधी समाप्त भए पछि पारीश्रमिक भुक्तानी सँग संवन्धित कागजात गाउँपालिकामा वुझाउनु पर्नेछ।

७) **स्वयंसेवक शिक्षक छनौट समितिः** स्वयंसेवक शिक्षक छनौट गर्नका लागि तपसिल वमोजिमको शिक्षक छनौट समिति रहने छ।

१) विद्यालय ब्यवस्थापन समितिको अध्यक्षः संयोजक

२) शिक्षा अधिकृत वा संयोजकः सदस्य (विज्ञ)

३) प्रधानाध्यापकः  सदस्य सचिव

८) **स्वयंसेवक शिक्षकको काम कर्तब्य तथा अधिकारः**

१) स्वयंसेवक शिक्षकले वि ब्य स तथा प्र अ को मातहतमा रहि शिक्षण सिकाइ तथा तोकीएको अन्य कार्य गर्नु पर्ने छ ।

२) उल्लेखित शिक्षक तथा कर्मचारीको विदा सुविधा अन्य शिक्षक तथा कर्मचारी सरह हुनेछ ।

३) उल्लेखित शिक्षक तथा कर्मचारीको पारीश्रमिक यस कार्यविधिमा उल्लेख गरे वमोजिम हुनेछ ।साथै विद्यालयले आफ्नो स्रोतवाट थप सुविधा दिन सक्नेछ ।

**९) खेल प्रशिक्षक व्यवस्थापन सम्वन्धी व्यवस्थाः**

१) यस गाउँपालिका क्षेत्र भित्र संचालनमा रहेका सामुदायिक विद्यालयहरुमा व्यवस्थित तथा प्रभावकारी तरिकाले खेलकुदका गतिविधिहरु सन्चालन गर्न गाउँपालिकामा एक जना खेल प्रशिक्षक व्यवस्थापन गरिने छ ।

२) उपदफा १ वमोजिमको खेल प्रशिक्षक व्यवस्थापनका लागि गाउँपालिकाले कम्तीमा १५ दिनको समय राखी विज्ञापन गर्नेछ।

३) खेल प्रशिक्षक छनौटको विधि प्रकृया छनौट समितिले निर्धारण गरे वमोजिम हुनेछ ।तर उम्मेदवारको छनौट गर्दा लिखित, मौखिक तथा प्रयोगात्मक परीक्षा अनिवार्य गर्नु पर्नेछ ।

४) खेल प्रशिक्षक छनौट समितिले सिफारिस गरेको उम्मेदवारलाई प्रमुख प्रशासकिय अधिकृतले करार सम्झौता गरी वढिमा १ वर्षका लागि नियुक्ति दिनेछ ।

**१०) खेल प्रशिक्षकका लागि आवश्यक न्युनतम शैक्षिक तथा अन्य योग्यताः**

१) खेल प्रशिक्षकका लागि न्युनतम शैक्षिक योग्यता कक्षा १२ उतिर्ण गरि तपसिलका खेल सन्चालन तथा प्रशिक्षण गर्न सक्ने साथै मोटरसाइकल।स्कुटर चालक अनुमतिपत्र प्राप्त गरेको हुनु पर्ने छ।

<u>तपसिल</u>

१) मार्सल आर्ट तर्फ कराते तेक्वान्दो र उसु ।

२) एथलेटिक्स

३) कबड्डी

४) भलिवल लगायत अन्य खेलहरु ।

**११) खेल प्रशिक्षकको पारिश्रमिक तथा भूक्तानी प्रकृयाः**

१) खेल प्रशिक्षक लाई गाउँपालिकाले प्रति महिना बढीमा रु.३४००० (अक्षरूपी चैंतिस हजार) का दरले पारिश्रमिक उपलब्ध गराउने छ।

२) खेल प्रशिक्षकले खेल प्रशिक्षणका लागि अवश्यकताके अधारमा इन्धन खर्च गाउँपालिकाले उपलब्ध गराउने छ ।

**१२) खेल प्रशिक्षक छनौट समितिः खेल शिक्षक छनौट गर्नका लागि तपसिल वमोजिमको प्रशिक्षक छनौट समिति रहने छ ।**

१) प्रमुख प्रशासकिय अधिकृतः संयोजक

२) खेल सम्वन्धी विज्ञता हासिल गरेको तथा गाउँपालिका अध्यक्षले तेकेके व्यक्तिः सदस्य (विज्ञ)

३) शिक्षा अधिकृत वा संयोजकः सदस्य सचिव

**१३) खेल प्रशिक्षकको काम कर्तब्य र अधिकारः**

१) खेल प्रशिक्षकले शिक्षा शाखाको समय तालिका वमोजिम विद्यालयहरुमा गइ तोकिएका विभिन्न खेलकुदका कार्यक्रम सन्चालन गर्नु पर्ने छ।

२) खेल प्रशिक्षकको विदा सुविधा अन्य शिक्षक तथा कर्मचारी सरह हुनेछ ।

३) खेल प्रशिक्षकको पारिश्रमिक यस कार्यविधिमा उल्लेख गरे वमोजिम हुनेछ ।

प्रमाणिकरण मितिः २०८०/०५/०९

आज्ञाले<br>
सुन्दर प्रसाद श्रेष्ठ<br>
प्रमुख प्रशासकीय अधिकृत